जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर खड्काज्यूको अध्यक्षतामा आज मिति २०७८/१०/०६ गते बिहिवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री कृष्ण बहादुर खड्का, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रमुख सेनानी, श्री सुमन थापा, श्री शेर गण चोहर्वा, सिरहा, सदस्य

प्रहरी उपरीक्षक, श्री अर्जुन प्रसाद तिमिल्सिना , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

उप.अनु. नि. , श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

सशस्त्र प्रहरी नायव उपरीक्षक, श्री निलकमल आचार्य , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा,

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

मे.अ., श्री डा. अखिलेस चौधरी, प्रादेशिक अस्पताल सिरहा, सदस्य सचिव

**आमन्त्रित:**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

स्वास्थ्य प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा जिल्ला शाखा, सिरहा

अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, सिरहा उधोग बाणिज्य संघ, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) सिरहाको बैठक मिति २०७८/१०/०६ गते।

**बैठकको कारवाही एवम् निर्णय**

गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १४८३ मिति २०७८/१०/०२ को प्राप्त पत्रको व्यहोरा बैठकमा अवगत भयो। तत् सम्वन्धमा देहाय बमोजिम गर्ने गराउने।

१. सवै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप संवत् २०७८ साल माघ मसान्तसम्म संचालन नगर्ने।

२. गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नु पर्ने भएमा जनस्वास्थ्ययका मापदण्ड पालना गर्ने गरी बढीमा त्यस्ता कार्यक्रम गर्दा २५ जना मात्र सहभागी हुने गरी संचालन गर्ने। २०७८ साल माघ ७ गते पश्चात खोपको पुरा मात्रा लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने व्यवस्था मिलाउने।

३. सिनेमा हल, डान्सवार, दोहोरी, नाचघर, क्लव, जिमखाना, स्विमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने सवै प्रकारका कार्यक्रम संवत् २०७८ माघ १५ गतेसम्म संचालन नगर्ने, नगराउने।

४. विद्यालय, विश्वविद्यालय, कलेज, ट्यूसन, सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप संचालन गर्दा संवत् २०७८ माघ १५ गतेसम्म भौतिक उपस्थितिमा नगरी भर्चुअल वा बैकल्पिक शिक्षण सिकाई विधिहरु अपनाई संचालन गर्ने एवं विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, बैदेशिक रोजगारी र अध्यनका लागि संचालन गरिने बिदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सवै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने।

५. मठ, मन्दिर, मस्जिद, गुम्वा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल माघ मसान्तसम्म नित्य पुजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।

६. यही माघ ७ गते देखि जिल्लाभित्रका सवै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोवाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने।

७. सपिङ मल, डिपार्टमेन्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा २५ जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक - पटक सावुन पानीले हात धुनें वा सेनिटाईज गर्ने गरी संचालन गर्ने। व्यवस्थापक वा संचालकले जनस्वास्थ्य सम्वन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व वहन गर्नुपर्ने।

८. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक तिहाईमा नबढ्ने गरी बढीमा २५ जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृति लिई विवाह, ब्रतबन्ध, न्वारन तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम संचालन गर्ने।

९. दर्शकसहितको खेलकुद कार्यक्रम गर्दा एक पटकमा कुल क्षमताको एक तिहाई मात्र उपस्थित रहने गरी जनस्वास्वास्थ्का मापदण्ड पालना गर्ने गरी संचालन गर्ने। उपस्थित दर्शकहरु मध्ये आयोजकको खर्चमा एक तिहाई दर्शकलाई रेन्डम छनौटको आधारमा एन्टिजेन परीक्षण गर्ने

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

व्यवस्था मिलाउने । संवत् २०७८ साल माघ ७ गते पश्चात त्यस्तो खेलकुद कार्यक्रममा खोपमात्रा पुरा गरेका यात्रुलाई मात्र खोप कार्डको आधारमा प्रवेश गर्न दिने ।

१०. धार्मिक वा संस्कृतिक जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक पराम्परागत धार्मिक तथा सास्कृतिक क्रियाकलापहरु संचालन गर्दा ५० जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र संचालन गर्ने ।

११. माथि उल्लेख भए बाहेकका एक पटकमा २५ जना भन्दा बढी जम्मा हुने क्रियाकलाप संचालन गर्नु परेमा जनस्वास्थ्यका मापदण्डलगायत तोकेका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृती लिएर मात्र संचालन गर्ने ।

१२. सार्वजनिक यातायात संचालन सम्वन्धमा देहाय बमोजिम गर्ने :-

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
ख) सवै यात्रुलाई मास्क अनिवार्य गर्ने ।
ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाईजरको व्यवस्था गर्ने ।
घ) चालक तथा सहचालकले मास्क र फेसिल्ड लगाउनु पर्ने ।
ङ) सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नु पर्ने ।
च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा ५ रुपैया लिई मास्क उपलव्ध गराउनु पर्ने ।
छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
ज) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीचबाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्य देखी अन्तिम गन्तव्यसम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई उपलव्ध गराउने ।
झ) लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने ।

१३. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा ५ रुपैया लिई मास्क उपलव्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१४. होटेल तथा रेष्टुरेण्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने :-

क) होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेससिल्ड र पंजा लगाउने ।
ख) होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।
ग) कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्नु पर्ने ।
घ) सेनिटाईजरको व्यवस्था गर्नु पर्ने ।
ङ) होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसंक्रमित गर्नु पर्ने ।
च) होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा ५ रुपैया लिई मास्क उपलव्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा र रेष्टुरेण्टमा प्रवेश गर्न नदिने ।

छ) संवत् २०७८ साल माघ ७ गते पछि खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने ।

ज) होटेलले चेक - इन गर्दाको अवस्थामा वा चेक - इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सोको विवरण DCMC लाई उपलब्ध गराउने ।

१५. राष्ट्रिय राजमार्गहरुमा संचालित होटेल तथा रेष्टुरेण्टले माथि बुँदा नं १४ को खण्ड (छ) वाहेकका जनस्वास्थ्य अन्य मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१६. सबै प्रकारका व्यवसायहरुको अग्रपङक्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्वन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

१७. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को लक्षण देखिएमा अनिवार्य रुपमा ५ दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ को परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

१८. सार्जनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१९. नियमित रुपमा संचालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित संचालन गर्ने ।

२०. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगारनीका लागि आम नागरिकले देहाय बमोजिम गर्ने :-

क) जनस्वास्थ्य मापदण्डको पूर्णरुपमा पालना गर्ने ।

ख) घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी ५ दिन पछि मात्र विसर्जन गर्ने ।

ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेका मास्क नफाल्ने ।

घ) बिदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा ५ दिन होम क्वारेन्टिनमा अनिवार्य वस्ने ।

ङ) PCR परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने ।

च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

छ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्वद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने ।

ज) होम आईसोलेससनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यसम्वन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

झ) नेपाल सरकारले तोके बमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने ।

२१. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारबाट भएको निर्णय, यस आदेशको पालना गराउन सबै राजनीतिक दल,स्थानीय तह, निजीक्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, संचार जगत र आमनागरिक सबैलाई आवश्यक सहयोग समन्वय एवं सहजीकरणको लागि अनुरोध छ ।

२२. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्वन्धित निकाय, सार्वजनिक, निजी, गैरसकारी, संघ संस्था, कलकारखानाले त्यस्तो सेवा वा कार्य संचालन गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु गराउनु पर्ने ।

२३. यस निर्णयको पालना गर्नु सवैको कर्तव्य हुनेछ । यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पु-याउने व्यक्ति तथा संस्थालाई संक्रामक रोग ऐन,२०२० बमोजिम कारवाही र सजाय गर्ने ।

२४. गृह मन्त्रालयको च.नं. १४८३ मिति २०७८/१०/०२ को पत्र साथ संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको म.बै.३२१/३८५५ मिति २०७८/०९/२९ को पत्रको बुँदा नं. २४ र २५ को कार्यान्वयनको लागि यस जिल्ला स्थित सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

२५. सिरहा जिल्लामा कोभिड -१९ को संक्रमण एवम् व्यवस्थापन सम्वन्धी देहायको अवस्थाबारे बैठकमा अवगत भयो ।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | दोस्रो चरणमा मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | १४ | ७ | १६२५ | १०९ | ० | २१ | ७२९४ | ० | ० | ० | २१ | ० | ० | ० | ० | ० | १५ | ८५७ | ३० | ४४ | १२ | २०५ |